जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ११३ २०८१ साल मंसिर १४ गते शुक्रबार (29 Nov. 2024 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सामा चकेवा पर्व: दिदी-बहिनी... ३ पृष्ठमा : जलवायु परिवर्तन प्रभावको ... ३ पृष्ठमायुक्रेनी अपार्टमेन्टमा भएको..

# उपनिर्वाचनका लागि बिहीबार राती १२ बजेदेखी मौन अवधी सुरु

**दैनिक समाचारदाता**
**राजविराज, १३ मंसिर ।**

सप्तरीको दुई वटा वडासहित मुलुकभर ४४ स्थानमा आउँदो मंसिर १६ गते हुने उपनिर्वाचनका लागि बिहीबार रातीदेखी मौन अवधी सुरु भएको छ ।

उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गर्न मतदान हुने दिनभन्दा ष्४८ घण्टा अघिदेखि मतगणना सम्पन्न नभएसम्म लागु हुने निर्वाचन प्रचार प्रसार निषेध अवधि सुरु भएको हो ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. १ र ४ मा वडाअध्यक्ष पदका लागि पनि उपनिर्वाचन हुँदैछ । ती दुबै वडाबाट निर्वाचित वडाअध्यक्षको निधन भएपछि उपनिर्वाचन हुन लागेको हो ।

पालिकाको वडा नं. १ मा एक स्वतन्त्र गरि ८ जना तथा वडा नं. ४ मा पनि ८ जना गरि दुबै वडामा १६ जना उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन् । जसमध्ये एक जना महिला उम्मेदवार पनि छिन् ।

ती सबै उम्मेदवारले प्रचार प्रसार कार्यलाई बिहीबार रातीसम्म जारी राख्दै आ-आफ्नो पक्षमा मत पार्न घरदैलो कार्यक्रमदेखी मतदाता रिझाउन खेतबारी सम्म पुगेका छन् ।

निर्वाचन कसुर तथा सजाय ऐन, २०७३ को दफा २४ उपदफा ५ र निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम यस अवधिमा विभिन्न नियमहरू पालना गर्नुपर्ने हुन्छ । निर्वाचन आयोगले आचार संहिता पालन गर्नका लागि मौन अवधिमा राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले कुनै पनि अवांछित गतिविधि नगर्न र नगराउन निर्देशन नै जारी गरेको छ ।

मौन अवधीमा कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार नगर्ने नगराउने, निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि नगर्ने नगराउने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार नगर्ने नगराउने, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर नगर्ने गराउने रहेको छ ।

निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालका अनुसार निर्वाचन प्रचार प्रसार निषेध गरिएको अवधिमा उपरोक्त बमोजिम कार्य भए गरेको केन्द्रीय आचारसंहिता अनुगमन समिति, आचारसंहिता अनुगमन टोली, जिल्ला आचारसंहिता अनुगमन समिति, स्थानीय प्रशासन, सुरक्षाकर्मी, अनुगमन अधिकृतबाट समेत सूक्ष्म अनुगमन हुने बताएकी छिन् । उनले कहीँ कतै आचारसंहिता उल्लङ्घन गरिएको पाइएमा तत्काल कानुन बमोजिम कारबाही गरी मुख्य निर्वाचन/निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन आयोगमा जानकारी गराउन आह्वान गरिएको छ ।

## दुई पदका लागि १६ जना प्रतिष्पर्धामा

डाक्नेश्वरी नगरपालिकामा दुई पदका लागि १६ जना प्रतिष्पर्धाम रहेका छन् । दुबै वडामा विभिन्न दल र एक स्वतन्त्र उम्मेदवारी १६ जना चुनावी मैदानमा छन् ।

सो पालिकाको वडा नं. १ बाट नेपाली कांग्रेसले भुलियादेवी थरुनी र वडा नं. ४ बाट जोगिन्द्र रायलाई उम्मेदवार बनाएको छ । यस्तै नेकपा एमालेले वडा नं. १ मा भगवानी साह र वडा नं. ४ मा संजय कुमार यादवलाई उम्मेदवार बनाएको छ ।

यसैगरि जसपा नेपालबाट वडा १ मा धिरेन्द्र साह र वडा नं. ४ मा देवेन्द्र प्रसाद यादवको उम्मेदवारी परेको छ । जनमत पार्टीबाट वडा नं १ मा शैलेन्द्र कुमार साह र वडा नं. ४ मा उदयनारायण पण्डितले उम्मेदवारी दिएका छन् । यस्तै माओवादी केन्द्रबाट वडा नं. १ मा प्रमोद कुमार सन्त र वडा नं. ४ मा भागवत रामको उम्मेदवारी परेको छ ।

यस्तै वडा नं. १ मा राष्ट्रिय प्रजातन्त्र पार्टीबाट सतिश कुमार चौधरी र वडा नं. ४ बाट रामकुमार यादव, नागरिक उन्मुक्ति पार्टीबाट वडा नं. १ बाट अनरुद्ध प्रसाद चौधरी र वडा नं. ४ बाट शिवकुमार रामको उम्मेवारी परेको छ ।

वडा नं. १ बाट स्वतन्त्र उम्मेदवार शुसिल साहको उम्मेदवारी परेको छ भने वडा नं. ४ बाट जसपा ( अशोक राई) बाट रबिन्द्र रायको उम्मेदवारी परेको छ ।

डाक्नेश्वरी नगरपालिकाको वडा नं. १ मा २ हजार ६ सय ३५ र वडा न ४ मा १ हजार २ सय ८१ मतदाता छन । निर्वाचनका लागी कुल ३ मतदान स्थल र ५ मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिए ।

# एम्बुलेन्समा लागुपदार्थ कारोबार

महोत्तरी, १३ मङ्सिर (रासस) ।

बिरामी बोक्ने एम्बुलेन्सबाट लागुपदार्थ कारोबारको कालो धन्दा भएको पाइएको छ । महोत्तरीको बर्दिबासमा प्रहरीले एम्बुलेन्सबाट १० ग्राम ब्राउनसुगर बरामद गरेको हो ।

बुधबार राति बर्दिबास चोकबाट सिन्धुलीतर्फ गइरहेको बा प्र ०१-००२ झ ६६९० नम्बरको एम्बुलेन्सबाट सो परिमाणको ब्राउनसुगर बरामद भएको इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक रेवतिरमण पोखरेलले बिहीबार जानकारी दिनुभयो ।

सिन्धुलीको मरिन गाउँपालिकाको कपिलाकोटस्थित प्राथमिक स्वास्थ्य केन्द्रको एम्बुलेन्सबाट ब्राउनसुगर बरामद भएको हो । एम्बुलेन्सको जाँज गरिँदा साइरनमा रहेको माइक्रोफोनभित्र लुकाइएको अवस्थामा ब्राउनसुगर बरामद भएको प्रहरीले जनाएको छ ।

ब्राउनसुगर बरामद भएको एम्बुलेन्स, चालक र एम्बुलेन्समा सवार अन्य एकसहितलाई नियन्त्रणमा लिई अनुसन्धान थालिएको प्रहरी नायब उपरीक्षक (प्रनाउ) पोखरेलले बताउनुभयो ।

एम्बुलेन्सबाट गैरकानुनी सामान लगिँदैछ भन्ने सूचनाका आधारमा रोकेर जाँच गरिएको प्रहरीले जनाएको छ । यो कारोबारमा अन्य पनि संलग्न

*बाँकी अन्तिम पृष्ठमा*

# राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसमा पर्चा र ब्याच बितरण

**दैनिक समाचारदाता**
**राजविराज, १३ मंसिर ।**

७१ औं राष्ट्रिय क्षयरोग नियन्त्रण दिवसको अवसरमा सप्तरी जिल्लामा पनि विभिन्न कार्यक्रम गरि मनाइएको छ ।

सो दिवसको अवसरमा नेपाल क्षयरोग निवारण संस्था सप्तरीले बिहीबार पर्चा पम्प्लेट र ब्याच बितरण गरेको शाखाका अध्यक्ष बैजनाथ झाले जानकारी दिएका छन् ।

**श्री सिद्धार्थ गौतम बुद्ध यातायात सेवा केन्द्र प्रालिद्वारा संचालित**

**हुलाकी मार्गबाट राजविराजदेखी सिरहा माडर सम्म बस, मिनि बस, माइक्रो, विंगर, म्याजिक**

राजविराज, बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुँदै सिरहा माडरसम्मको आरामदायी यात्राका लागि हामीलाई सम्पर्क गर्नुहोस् ।

**यातायात संचालन हुने स्थान**
राजविराज राम मन्दिरको छेउमा सिरहा रोड

**सम्पर्क व्यक्ति**
**मन्त्रि यादव**
सम्पर्क नं. ९८१९९५३७७७
**अमरेन्द्र बर्मा**
९८०७७१६९५४
**शम्भु प्रसाद यादव**
९८०७७९३८२२

**खुशीको खबर ! खुशीको खबर ॥**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**

सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

**भ्रष्ट्राचार र अनियमितता बिरूद्ध जुटौं**

- घुस लिने र दिने दुबै अपराधी हुन्,
- भ्रष्ट्राचारीलाई दण्ड र तिरस्कार गरौं,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
- सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
- भ्रष्ट्राचार र अनियमितता बिरूद्ध आवाज उठाऔं,
- भ्रष्ट्राचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हिंसामुक्त समाज निर्माणको लागि सबैको साझा प्रयास आवश्यक : गृहमन्त्री लेखी



**दैनिक समाचारदाता**
**राजविराज, १३ मंसिर ।**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले लैङ्गिक समानतासहित हिंसामुक्त समाज निर्माणका लागि सबैको साझा प्रयास आवश्यक भएको बताएका छन् ।

जनकपुरधाममा मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यू.एन.एफ.पि.ए) को समन्वय तथा सहकार्यमा बिहीबार आयोजना गरेको जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका प्रतिबद्धता कार्यान्वयनको अवस्था तथा मधेश लैङ्गिक समानताको सवालबारे मधेश प्रदेशसभाका सदस्यहरुसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री लेखीले लैङ्गिक हिंसा, दहेज प्रथा र बालविवाह जस्ता विकृतिहरुले समाज प्रभावित रहेको भन्दै यस्ता विकृति अन्त्यका लागि समाजमा रहने सबै पक्षले आ-आफनो ठाउँबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड समेत दिए ।

अन्य प्रदेशको तुलनामा मधेश प्रदेशमा यस्ता विकृतिको अवस्था भयावह रहेको भन्दै एक जनाको प्रयासले अन्त्य गर्न सम्भव नरहेको बताउँदै उनले समाजमा हुने गरेको यस्ता विकृतिहरु अन्त्यका लागि प्रहरी प्रशासन र जनप्रतिनिधिको भूमिका महत्वपुर्ण भएको उल्लेख गरे । उनले समाजमा यस्ता विकृतिहरु भइरहेको देखेपछि सरोकारवाला पक्षहरु एक अर्का सँगको समन्वयमा हुन नदिनका लागि खबरदारी गर्नुपर्नेमा जोड पनि दिए ।

कार्यक्रममा जसपा नेपाल मधेश प्रदेशका प्रमुख सचेतक राम अशिष यादवले लैङ्गिक समानताका लागि निर्माण भएका ऐन कानुनको सफल कार्यान्वयनका लागि प्रदेश सरकारले काम गर्नुपर्नेमा जोड दिए । उनले देशमा बढदै गएको जनसंख्या अनुरुप नै विकासको कामलाई अगाडि बढाउनुपर्नेमा जोड दिए ।

नेकपा एमालेका प्रदेशसभा सदस्य शारदादेवी थापाले लैङ्गिक हिंसामुक्त समाज निर्माणका लागि प्रदेश सरकारले नागरिकमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

खेलकुद तथा समाज कल्याण मन्त्रालय मधेश प्रदेशका सचिव चूडामणि फुयालको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रदेशसभा सदस्यहरु जंगीलाल राय, जिवछीकुमारी यादवसहितले लैङ्गिक हिंसा अन्त्यका लागि हामी सबै एकबद्ध भएर अघि बढनुपर्नेमा जोड दिए ।

कार्यक्रममा यू.एन.एफ.पि.ए का कार्यक्रम अधिकृत समीर घिमिरेले लैङ्गिक समानता, जनसङ्ख्या वृद्धि र त्यसले पार्ने प्रभावको बारेमा र मधेश प्रदेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक विक्रम साहले मधेश प्रदेशमा लैङ्गिक हिंसाको अवस्थाको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए ।

# महिला हिंसा सम्बन्धि जनचेतना कार्यक्रम सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, १३ मंसिर ।**

"घरबाटै शुरू गरौं, महिला हिंसा अन्त्य गरौं" नाराका साथ १६ दिने अभियान अन्तर्गत बिहीबार महिला हिंसा सम्बन्धि जनचेतना कार्यक्रम सम्पन्न भएको छ ।

युनाइटेड डेभलपमेन्ट नेपाल, राजविराज नगरपालिका वडा नं ४ को कार्यालय, जिल्ला प्रहरी कार्यालय सप्तरी, सप्तरी बढाउ, महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र तथा सामुदायिक सेवा केन्द्र सप्तरीको संयुक्त आयोजनामा जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा सहजकर्ताहरूले महिला हिंसा, महिला हिंसाका कारण, अहिले महिला हिंसाको अवस्था, महिला हिंसा न्यूनीकरणका लागि अपनाउनु पर्ने सावधान लगायतका विषयमा सहजिकरण गरेका थिए ।

कार्यक्रममा परिकल्पना नेपालको अध्यक्ष पत्रकार सुधा देव, एकद्वार संकट व्यवस्थापन केन्द्रका प्रमुख मनिषा सिम्खडा, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्र.स निकुन्दन कुशवाहले महिला हिंसाको विषयमा सहजिकरण गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि राजविराज नगरपालिका वडा नं ४ का वडा अध्यक्ष दिनेश साह, इनसेक प्रतिनिधि मनोहर कुमार पोखरेल लगायतले आ-आफ्ना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा न्यायपालि सदस्य ललिता कर्ण, सोनी रजक, वडा नं २ का महिला सदस्य मंजु खड्का, सामुदायिक सेवा केन्द्रका उपाध्यक्ष बबिता देव, संजय शर्मा, दिलिप दास मैथिली साहित्य परिषदका उपाध्यक्ष राजकुमार लाल दास लगायतको उपस्थिति रहेको थियो ।

# गढीमाई मन्दिरलाई विश्वसम्पदा सूचिमा समावेश गर्न प्रदेश सरकारले पहल गर्छ : मुख्यमन्त्री सिंह

**दैनिक समाचारदाता**
**बारा, १३ मंसिर ।**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले गढीमाई मन्दिरलाई विश्वसम्पदा सूचिमा समावेश गर्न प्रदेश सरकारले पहल गर्ने बताएका छन् ।

बाराको महागढीमाई नगरपालिका-१ बरियारपुरमा मङ्सिर १ गतेदेखि सुरु भएको विश्वप्रसिद्ध गढिमाई मेलाको बुधबार अवलोकन तथा निरीक्षण गर्दै उनले यस्तो बताउनुभएको हो ।

मुख्यमन्त्री सिंहले मेलालाई सफल बनाउन प्रदेश सरकार लागिपरेको र यहाँ आवश्यक सहयोगका लागि तयार रहेको बताए ।

# हनी ट्र्यापमा संलग्न रहेको अभियोगमा तीन जना पक्राउ

काठमाडौं, १३ मङ्सिर (रासस) ।

फार्मेसी सञ्चालकलाई घाउ ड्रेसिङ गर्ने बहानामा आफ्नो कोठामा बोलाएर हनी ट्र्यापमा संलग्न रहेको अभियोगमा प्रहरीले एक गिरोहलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा इलामको माई नगरपालिका-१ घर भई हाल भक्तपुरको मध्यपुर ठिमी नगरपालिका-५ नयाँठिमी बस्ने २५ वर्षीया समृद्धी मगर, काभ्रेको भुम्लु गाउँपालिका-४ कोशीपारी घर भई हाल काठमाडौं महानगरपालिका-१५ स्वयम्भू बस्ने ३० वर्षीय दिपेन्द्र दर्जी तथा काभ्रेको भुम्लु गाउँपालिका-४ कोशीपारी घर भई हाल हाल भक्तपुरको मध्यपुर ठिमी नगरपालिका-५ नयाँठिमी बस्ने २६ वर्षीय वर्षा दर्जी रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "आपाराधिक लाभ लिने उद्देश्यले योजना बनाइ मेडिकल सेवा प्रदान गर्ने व्यक्तिलाई निज वर्षा दर्जीले घाउ ड्रेसिङको लागि अनलाइनबाट सम्पर्क गरी आफु एक्लै भएको अवस्थामा कोठामा बोलाई शारीरिक सम्पर्क भएको आरोप लगाई जबरजस्ती करणी मुद्दामा फसाइ दिन्छु भनि डर त्रास देखाई रु १८ लाखबाट बार्गेनिङ गर्दै रु आठ लाख दिए कुरा मिल्छ भनि रकम असुली गरेको भन्ने सूचनाका आधारमा पक्राउ गरिएको हो ।"

दर्जीले समाजिक सञ्जाल मेसेन्जरबाट खुट्टामा घाउ भई ड्रेसिङका लागि आइदिनु पर्यो भनि पीडित व्यक्तिलाई म्यासेज गरेको र दर्जीको कोठामा पीडित व्यक्ति जाँदा निजको खुट्टामा कुनै पनि किसिमको घाउ चोट नरहेको तथा निज दर्जीले आफ्नो ढोकाको चुकुल लगाइ पीडितलाई कोठामा राखेको खुल्न आएको प्रहरीले जनाएको छ ।

यसैगरी पीडितले ढोकाको चुकुल खोली बाहिर निस्किँदै गर्दा समृद्धि मगर भन्ने अर्को एक महिला आई पीडितसँग कुरा गर्नु छ भनि कोठाभित्र लगि जबरजस्ती करणी मुद्दामा फसाइ दिउँ वा सहमतिमा आउनु हुन्छ भन्दै धम्की दिएको प्रहरीको भनाइ छ ।

रु १८ लाखदेखि रकमको माग गरी रु आठ लाख दिने शर्तमा कुरा मिलाइ भक्तपुरको मध्यपुर ठिमी-३ कौशलटारमा रहेको वेभ सेकुवामा यही मङ्सिर ११ गते बिहान रु २५ हजार नगदसहित दिपेन्द्र दर्जी र समृद्धि मगरले लिएको र समृद्धिले दिएको सिदार्थ बैंकको क्युआर खातामा रु २५ हजार थप जम्मा गरेको तथा सोही स्थानमा रु ७५ हजारको चेक लिएको तथा एक जना व्यक्ति हाल फरार रहेको अनुसन्धानबाट खुल्न आएको सूचना अधिकारी आचार्यले बताउनुभयो ।

पक्राउ परेकाहरुको साथबाट एनआइसि एसिया बैंकको वर्षाको नाममा काटी दिएको रु ७५ हजारको चेक एक थान, नगद रु एक हजारको एक थान र रु ५०० का ३९ थान गरी जम्मा रु २० हजार पाँच सय, विभिन्न कम्पनीका मोबाइल चार थान बरामद गरिएको तथा निज दिपेन्द्र दर्जी ज्यानसम्बन्धी कसुर (कर्तव्य ज्यान) मा विसं २०७१ मा जिल्ला प्रहरी कार्यालय काभ्रेबाट पक्राउ परी सजाय भुक्तान गरेको व्यक्ति रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले जनाएको छ ।

***एम्बुलेन्समा...***

भएका हुनसक्ने प्रहरीको अनुमान छ ।

अहिले नियन्त्रणमा लिइएका दुई जनाको परिचय प्रहरीले खुलाएको छैन । सो एम्बुलेन्स उपचार कार्यको मानवीय सेवामा सहयोग पुर्याउन गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटलाई प्रदान गरेको जनाइएको छ ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका**
**गाउँ कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*